खैरहनी नगरपालिका

# स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी कार्यविधी, २०७८

**खैरहनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खैरहनी, चितवन**
**बागमती प्रदेश, नेपाल**

# खैरहनी नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावना :** नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ र मन्त्री परिषदबाट स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेखित स्थानीय तहले आम नागरिकलाई सर्वसुलभ र गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने जिम्मेवारी वहन गर्ने प्रयोजनका लागि सरकारी, निजि, सामुदायिक, गैरसरकारी वा सहकारी स्तरमा स्थापना हुने स्वास्थ्य सेवा विस्तार, स्तरवृद्धि, स्वास्थ्य सेवा संचालन अनुमति प्रदान गर्ने प्रक्रियालाई सरल, सहज, व्यवस्थित तथा प्रभावकारी बनाई यस नगरपालिका क्षेत्र भित्र स्वास्थ्य सेवा संचालन गर्न वाञ्छनीय भएकाले, यस खैरहनी नगरपालिकाले "खैरहनी नगरपालिकाको प्रशासकिय कार्यविधि(नियमित गर्ने) ऐन, २०७४" को दफा ४ ले दिएको अधिकार प्रयोग गरी देहायको कार्यविधी बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधीको नाम "खैरहनी नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी कार्यविधी , २०७८" रहेको छ ।

(२) यो कार्यविधी स्थानिय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा:-

(क) "अनुगमन समिति" भन्नाले नगरपालिकाले गठन गर्ने अनुसूची १ बमोजिमको समिति सम्झनु पर्छ।

(ख) "अनुमति प्रदान गर्ने निकाय" भन्नाले दफा ३ मा उल्लिखित अनुमति प्रदान गर्ने निकाय सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्वास्थ्य मन्त्रालय सम्झनु पर्छ ।

(घ) "प्रादेशिक स्वास्थ्य संरचना"भन्नाले प्रदेशमा रहने स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय वा विभाग सम्झनु पर्छ।

(ङ) "नगरपालिका" भन्नाले "खैरहनी नगरपालिका" सम्झनु पर्छ ।

(च) "नगर कार्यपालिका" भन्नाले खैरहनी नगर कार्यपालिकाको कार्यलय सम्झनु पर्छ ।

(छ) "तालुकदार निकाय" भन्नाले स्वास्थ्य संस्था संचालन, नविकरण, अनुगमन गर्नै निकायलाई सम्झनु पर्छ ।

(ज) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित सरकारी अस्पताल, निजी अस्पताल, नर्सिङ्ग होम, सामुदायिक अस्पताल, गैरसरकारी अस्पताल वा सहकारी अस्पताल सम्झनु पर्छ ।

(झ) "आयुर्वेद अस्पताल" भन्नाले आयुर्वेद चिकित्सा पद्धतिमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद चिकित्सा पद्धतिबाट उपचार गर्ने गरी सञ्चालन गरिएका नर्सिङ होम, पोली क्लिनिक, पञ्चकर्म अस्पताल समेतलाई जनाउँछ ।

(ञ) "गैरसरकारी अस्पताल" भन्नाले मुनाफारहित उद्देश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ ।

(ट) "डाईग्नोस्टीक सेन्टर" भन्नाले निदानात्मक सेवाहरु जस्तैः प्रयोगशाला सेवा, रेडियो ईमेजिङ जस्ता सेवाहरु प्रदान गर्न कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनु पर्छ।

(ठ) "निजी अस्पताल वा नर्सिङ्ग होम" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त निजी अस्पताल वा नर्सिङ्गहोम सम्झनु पर्छ ।

(ड) "पोली क्लिनिक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई एकै संस्थाबाट कम्तिमा पाँच वटा सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजियोथेरापी, परिवार नियोजन, खोप सेवा आदि जस्ता बहु सेवा उपलब्ध गराउने संस्थालाई सम्झनु पर्छ ।

(ढ) "सरकारी अस्पताल" भन्नाले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहने गरी सार्वजनिक हितका लागि स्थापना भएका वा हुने स्वास्थ्य सेवा प्रदायक अस्पताल सम्झनु पर्छ । स्पष्टीकरण : यस खण्डका प्रयोजनका लागि "आंशिक स्वामित्व" भन्नाले नेपाल सरकारको कम्तीमा एकाउन्न प्रतिशत लगानीलाई सम्झनु पर्छ ।

(ण) "सहकारी अस्पताल" भन्नाले सहकारीको सिद्धान्त बमोजिम सदस्य समेतलाई स्वास्थ्य सेवा दिने उद्देश्यले सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायवाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ ।

(त) "सामुदायिक अस्पताल" भन्नाले सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भई सामुदायिक लगानी र व्यवस्थापनमा सञ्चालन हुने गरी मुनाफा रहित उद्देश्य लिई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ ।

(थ) "स्वास्थ्य क्लिनिक" भन्नाले कुनै पनि व्यक्तिलाई स्वास्थ्य सम्बन्धी जाँच गर्ने, उपचार सम्बन्धी आवश्यक परामर्श, एक स्थानबाट पाँचवटा भन्दा कम सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजियोथेरापी, खोप सेवा, परिवार नियोजन जस्ता सेवा उपलब्ध गराउनका लागि प्रचलित कानून बमोजिम दर्ता भएका संस्थालाई सम्झनु पर्छ र सो शब्दले निजी क्लिनिक, आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा समेतलाई जनाउँदछ ।

(द) "स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल, पोली क्लिनिक, स्वास्थ्य क्लिनिक, प्रयोगशाला, आखाँ उपचार केन्द्र, दन्त सेवा क्लिनिक जस्ता सेवाहरु सञ्चालन गर्ने संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद र वैकल्पिक चिकित्सा संस्थालाई समेतलाई जनाउँछ ।

(ध) "संस्था दर्ता गर्ने निकाय" भन्नाले यस कार्यविधी बमोजिम स्वास्थ्य सेवा संचालन अनुमति लिनु पूर्व प्रचलित कानून बमोजिम स्वास्थ्य संस्था दर्ता गर्ने निकाय सम्झनुपर्छ ।

(न) "भवन संहिता" भन्नाले भवन ऐन, २०५५ को दफा ३ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहिता सम्झनु पर्छ ।

(प) "भवन निर्माण मापदण्ड" भन्नाले भवन निर्माण सम्बन्धी मापदण्ड, २०६४ मा उल्लेखित मापदण्ड सम्झनु पर्छ र सो शब्दले स्वास्थ्य सम्वन्धी भवनको लागि छुट्टै मापदण्ड नभएको स्थानको हकमा नगरपालिकाको भवन निर्माण मापदण्ड समेतलाई जनाउँछ ।

(फ) - कार्य दिन" भन्नाले शनिवार र अन्य सार्वजनिक विदाको दिनमा बाहेक कार्यलय खुलेको दिनलाई सम्झिनु पर्नेछ ।

## परिच्छेद २

## स्वास्थ्य सेवा सञ्चालन तथा गुणस्तर सम्बन्धी व्यवस्था

३. **स्वास्थ्य सेवा सञ्चालन :** (१) यस कार्यविधी बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नु हुँदैन ।

(२) कसैले यस कार्यविधी बमोजिम अनुमति नलिई स्वास्थ्य सेवा सञ्चालन गरेको पाइएमा सो कार्य रोक्न तथा त्यस्तो स्वास्थ्य संस्था आवश्यक कानूनी कारवाहीको लागि गृह मन्त्रालय मार्फत वा सोझै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा वा प्रादेशिक

स्वास्थ्य संरचना,मन्त्रालय वा तालुकदार निकायमा लेखी पठाइनेछ र त्यस्ता संस्थाका सचांलक भविष्यमा स्वास्थ्य संस्था सञ्चालन अनुमति प्रदान नगर्ने गरी अभिलेख समेत राखिनेछ ।

(३) स्वास्थ्य संस्थाले आफनो उद्देश्य र क्षमता अनुसार अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिई देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछ :-

(क) आकस्मिक सेवा,

(ख) वहिरंग सेवा,

(ग) अन्तरंग सेवा,

(घ) निदानात्मक सेवा (प्रयोगशाला, रेडियो ईमेजिङ आदि),

(ङ) शल्यक्रिया सेवा,

(च) सघन उपचार सेवा,

(छ) प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा,

(ज) विशेषज्ञ सेवा,

(झ) फार्मेसी सेवा,

(ञ) रक्त सञ्चार सेवा,

(ट) फिजियोथेरापी सेवा,

(ठ) शवगृह व्यवस्था,

(ड) अस्पताल व्यवस्थापन,

(ढ) वातावरण व्यवस्थापन,

(ण) स्वास्थ्य संस्थाबाट निष्काशित फोहरमैला व्यवस्थापन ।

४. **गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्ड :** (१) स्वास्थ्य संस्थाले दफा ३ बमोजिमका स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायको गुणस्तरको सुनिश्चितता गर्नुका साथै देहायका उल्लिखित मापदण्डहरुको समेत पालना गरेको हुनु पर्नेछ :-

(क) बहिरग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) स्वास्थ्य संस्थामा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण नियन्त्रण (Infection Prevention) को व्यवस्था हुनु पर्नेछ र सोको नियमित र प्रभावकारी अनुगमन गर्नु पर्नेछ ।

(ग) स्वास्थ्य संस्थाले विभिन्न ईकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्न कार्यसञ्चालन निर्देशिका (Standard Operating Manual) तयार गरी लागु गर्नु पर्नेछ ।

(घ) स्वास्थ्य संस्थाले बहिरङ्ग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार खुल्ने गरी) सबैले देख्न ठाउँमा राखिएको हुनु पर्नेछ ।

(ङ) स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित बिशेषज्ञ चिकित्सकबाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(च) बिरामीले आफूले सेवा लिन चाहेको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ ।

(छ) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनु पर्नेछ ।

(ज) स्वास्थ्य संस्था परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफा सुग्घर राखिएको हुनु पर्नेछ ।

(झ) सबैले देख्ने स्थानमा उजुरी पेटिका राखिएको हुनु पर्नेछ ।

(ञ) जनगुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी र सूचना सम्प्रेषणको लागि सूचना अधिकारी तोकी जनगुनासो तथा पर्न आएका उजुरी समाधान गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ । साथै आवश्यक सूचना सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ ।

(ट) बिरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रकृया तथा अवधि समेत खुलाएको बिरामी बडापत्र (Patient Charter) तोकिएको ढाँचामा तयार गरी सबैले देखिने गरी राख्नु पर्नेछ र सोही अनुरुप सेवाको सुनिश्चितता गर्नु पर्नेछ ।

(ठ) स्वास्थ्य संस्थामा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिन व्यवस्था गरेको हुर्नु पर्नेछ ।

(ड) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धका खोप तथा व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनु पर्नेछ ।

(ढ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विनियम बनाएको हुनु पर्नेछ ।

(ण) स्वास्थ्य संस्थाले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेका प्रोटोकल/मापदण्ड/निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनु पर्नेछ ।

(त) स्वास्थ्य संस्थाले चौबीसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिएको हुनु पर्नेछ ।

(थ) स्वास्थ्य संस्था रहेको आकस्मिक शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनु पर्नेछ र सो को विवरण सबैले देख्ने ठाँउमा राख्नु पर्नेछ ।

(द) आकस्मिक विभागवाट बिरामी भर्ना गर्ने, रिफर गर्ने, बिरामीको रेफरल प्रकृया र बिरामी सार्ने पद्धति स्पष्ट परिभाषित गरेको हुन पर्नेछ र सो को व्यवहोरा बमोजिमको ढाँचामा सबैले देख्ने ठाँउमा राख्नु पर्नेछ।

(ध) स्वास्थ्य संस्थामा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुट्याई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(न) खण्ड (ध) बमोजिम उपलब्ध गराएका उपचार सेवाको अभिलेख राखी सो को प्रतिवेदन सम्बन्धित पालिकाको कार्यालयमा नियमित रुपमा पठाउनु पर्नेछ ।

(प) स्वास्थ्य संस्थामा ज्येष्ठ नागरिकहरुलाई विशेष किसिमका सुविधाका व्यवस्था हुन पर्ने र आवश्यक मात्रामा शैया छुटयाउनु पर्नेछ ।

(फ) स्वास्थ्य सस्था सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्र भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप हुनु पर्नेछ ।

(ब) स्वास्थ्य संस्थाले विपद् व्यवस्थापनको कार्ययोजना बनाएको हुनु पर्नेछ । सो कार्यका लागि सम्पर्क व्यक्ति तोकी सो को जानकारी बैरहनी नगरपालिकाको कार्यालय र जिल्ला समन्वय समितिमा दिनु पर्नेछ ।

## परिच्छेद ३

## स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रक्रिया

१. **स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निकायहरु** : (१) देहाय बमोजिमका स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न देहायका निकायले अनुमति दिन सक्नेछ :-

(क) स्वास्थ्य क्लिनिक, डाईग्नोष्टिक सेन्टर, पोली क्लिनिक, आयुर्वेद क्लिनिक तथा पन्ध्र शैया सम्मका जनरल अस्पतालका लागि कार्यपालिकाको निर्णय अनुसार ।

(ख) पन्ध्र शैया माथिका स्वास्थ्य संस्थाको लागि कार्यपालिकाको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचना, तालुकदार निकायमा वा मन्त्रालयबाट ।

(घ) नगरपालिकाको कार्यपालिकामा स्वास्थ्य संस्था दर्ता वा स्तरोन्नती भए पछि सोको विवरण तोकिएको ढाँचामा तालकुदार निकायलाई दिनु पर्ने छ ।

ङ) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि स्वास्थ्य संस्था संचालन गर्नका लागि प्रचलित ऐन, नियम बमोजिम अनुमति प्रदान गर्ने निकायहरुबाट अनुमति लिन आवश्यक भए यस्तो अनुमती समेत लिनु पर्नेछ।

६. **पूर्वाधार निर्माण मनसाय पत्रका लागि निवेदन दिनु पर्ने :** (१) यस कार्यविधी बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य सस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनका लागि अनुसुची २ अनुसार मनसाय पत्रका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा अनुमति प्रदान गर्ने निकायले निवेदन प्राप्त भएको पन्ध्र कार्यदिन भित्र देहायका विवरणहरु परीक्षण गर्ने प्रयोजनका लागि अनुगमन समिति खटाउन सक्नेछ:-

(क) प्रस्तावित स्वास्थ्य संस्थाको व्यावसायिक कार्य योजना,

(ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता,

(ग) प्रारम्भिक वातवारणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (आवश्कता अनुसार)

(घ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुऱ्याउने क्षेत्र, सो क्षेत्रको जनसंख्या/जनघनत्व,

(ङ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुऱ्याउने क्षेत्रमा अन्य अस्पतालहरुको अवस्थिति र प्रस्तावित अस्पतालले पुऱ्याउने थप योगदान,

(३) अनुगमन समितिले उपदफा (२) मा उल्लिखित विषयहरुको विश्लेषण गरी स्पष्ट राय सहितको प्रतिवेदन पन्ध्र कार्य दिनभित्र अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमका प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले दश कार्य दिनभित्र अनुमति प्रदान गर्न निकायले बढीमा तीन वर्षसम्मको समयावधि दिई भवन निर्माण मापदण्ड वमोजिम पूर्वाधार निर्माणका लागि निवेदकलाई मनसायपत्र (Letter of Intent) प्रदान गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र मनासिव कारण परी पूर्वाधार निर्माण गर्न नसकेको भनी समयावधि थपका लागि सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा अनुमति प्रदान गर्ने निकायले त्यस्ता अस्पताललाई बढीमा एक वर्षमा नबढ्ने गरी पूर्वाधार निर्माणका लागि समयावधि थप गर्न सक्नेछ ।

७. **सञ्चालन अनुमति दिन सकिने:** (१) दफा ४ बमोजिम पूर्वाधार निर्माण कार्य सम्पन्न भए पछि सो पूर्वाधार तयार भएको व्यहोरा सहित सम्बन्धित स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्ने आवश्यक कागजातहरु संलग्न गरी अनुसूची ३ बमोजिमको ढाँचामा अनुमति प्रदान गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा अनुमति प्रदान गर्ने निकायले निवेदन प्राप्त गरेका मितिले पन्ध्र कार्य दिन भित्र अनुगमन समिति खटाउनु षर्ने छ ।

(३) उपदफा (२) बमोजिम खटिएको अनुगमन समितिले पन्ध्र कार्य दिन भित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको प्रतिवेदन अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदनको आधार र यस कार्यविधीमा उल्लिखित अन्य मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थालाई अनुमति प्रदान गर्ने निकायले तिन (३) वर्षका लागि स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(५) यस दफा बमोजिम स्वास्थ्य संस्थालाई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिने नदिने सम्बन्धमा उपदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदन प्राप्त भएको मितिले सात कार्य दिन भित्र निर्णय गरी सक्नु पर्नेछ र सो को जानकारी सम्बन्धित संस्थालाइ दिनु पर्नेछ ।

(६) यो कार्यविधी प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भएको तर दफा ६ उपदफा ७ को अवधि भित्र निवेदन नदिई सञ्चालन गरिरहेका स्वास्थ्य संस्थाले अनुसूची–४ मा उल्लेख भए बमोजिमको दस्तुरको अतिरिक्त तिन गुणा बढी दस्तुर लिई एक पटकको लागि कार्यविधी बमोजिमको प्रकृया पूरा गर्ने गरि सञ्चालन अनुमति दिन सकिने छ । यस निर्देशिका बमोजिम तोकेको पूर्वाधार र पुरा गर्नका लागि तीन वर्ष र मापदण्ड कायम गर्नका लागि एक बर्षको समयावधि दिन सक्नेछ ।

(७) उपदफा (२) (३) र (५) बमाजिम तोकिएको म्याद भित्र अनुमति प्रदान गर्ने निकाय वा अनुगमन समितिले कार्य सम्पन्न नगरेमा अनुमतिका लागि निवेदन दिने स्वास्थ्य संस्थाले एक तह माथिल्लो निकायमा उजुर गर्न सक्ने छ । यसरी प्राप्त भएको उजुरी सम्बन्धमा सम्बन्धित माथिल्लो निकायलेउपदफा (२), (३) र (५) मा तोकिएको म्यादमा नबढ्ने गरी शीघ्र अनुगमनको व्यवस्था मिलाई सञ्चालन अनुमतिको व्यवस्था गरिदिन सक्नेछ ।

८. **पुन: अनुमति प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यो कार्यविधी प्रारम्भ हुँदाका बखत सञ्चालन स्वीकृति लिएका स्वास्थ्य संस्थाले यस कार्यविधी बमोजिम तोकिएको पूर्वाधार तथा मापदण्ड कार्यान्वयन प्रयोजनका लागि यो कार्यविधी प्रारम्भ भए पछि तोकिएको अवधिभित्र पूर्वाधार तयारी योजना (भवन प्रबलीकरण वा नयाँ निर्माण योजना) सहित सम्बन्धित अनुमति प्रदान गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा अनुमति प्रदान गर्ने निकायले त्यस्ता स्वास्थ्य संस्थालाई यस निर्देशिका बमोजिम तोकेको पूर्वाधार पुरा गर्नका लागि तीन वर्ष र मापदण्ड कायम गर्नका लागि एक बर्षको समयावधि दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समयावधि थप भएका स्वास्थ्य संस्थाल प्रत्येक छ/छ महिनामा प्रगति प्रतिवेदन सम्बन्धित अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(४) प्रबलिकरण हुने अस्पताल वा नँया निर्माण गर्न अनुमति लिई साविकको भवनबाट सेवा दिईरहेका स्वास्थ्य संस्थाले निर्माण अवधिभरका लागि भवनको कारण वा अस्पतालको औजार उपकरणले हुन सक्न दुर्घटनाको लागि शैया क्षमता बराबरका संख्यामा प्रति व्यक्ति पचाँस हजार रुपैया बराबरका सामुहिक दुर्घटना बीमाको व्यवस्था गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिमका प्रकृया पुरा गरेका स्वास्थ्य संस्थालाई दफा ५ बमोजिम स्वास्थ्य संस्था सञ्चालन गर्न अनुमति प्रदान गरिनेछ ।

(६) यस दफा बमोजिम अनुमतिका लागि निवेदन नदिने, निवेदन दिए पनि अनुमति नपाउने वा निर्धारित अवधि भित्र पूर्वाधार वा मापदण्ड कायम नगर्ने स्वास्थ्य संस्थाको अनुमति त्यस्तो अनुमति दिने निकायले रद्द गर्नसक्नेछ ।

९. **थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनु पर्ने :** स्वास्थ्य संस्थाले आँफूले सेवा सञ्चालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा अनुमति प्रदान गर्ने निकायबाट यस कार्यविधी बमोजिमका प्रकृया पुरा गरी अनुमति प्राप्त गर्नु पर्नेछ ।

१०. **अनुमति दस्तुर बुझाउनु पर्ने :** स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त भएमा सम्बन्धित स्वास्थ्य संस्थाले अनुसूची ४ मा उल्लेख भए बमोजिमको अनुमति दस्तुर अनुमति प्रदान गर्ने निकायलाई बुझाउनु पर्नेछ ।

११. **नविकरण गराउनु पर्ने :** (१) यस कार्यविधी बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुने मिति भित्र अनुमति प्रदान गर्ने निकाय समक्ष नविकरणका लागि निवदेन दिनु पर्नेछ । अनुमति प्रदान गर्ने निकायले अनुमतिको अवधि समाप्त भएको मितिले तीन महिना भित्र आवश्यक जाँचबुझ गरि नविकारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा अनमति प्रदान गर्ने निकायले अनुसूची ४ मा उल्लेख भए बमोजिमको दस्तुर लिई प्रत्येक वर्ष स्वास्थ्य संस्थालाई सेवा सञ्चालन अनुमतिको नविकरण गरिदिन सक्नेछ । तर यो निर्देशिका प्रारम्भ हुन अघि स्वास्थ्य संस्था सञ्चालन गर्ने अनुमति पाएका स्वास्थ्य संस्थाको हकमा त्यस्तो स्वास्थ्य संस्थाले यस निर्देशिका बमोजिम तोकिएको मापदण्ड तथा पूर्वाधार कायम नगरेसम्म तीन बर्षमा नबढाई प्रत्येक एक बर्षका लागि अनुमति नविकरण गरि दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका अवधि भित्र मनासिब कारण परी निवेदन पेश गर्न नसकेको भनी कारण खुलाई थप तीन महिनाभित्र निवेदन पेश गरेमा दोब्बर नविकरण दस्तुर लिई सम्बन्धित निकायले सेवा सञ्चालन अनुमति नविकरण गरि दिन सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिमको अवधिभित्र नविकरणका लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमतिपत्र खारेजीको प्रकृया अगाडी बढाईनेछ र सो को जानकारी प्रादेशिक स्वास्थ्य संरचना/तालुकदार निकायमा समेत दिनु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि यो नविकरण अवधिको एक वर्ष भित्र पनि अनुमति नविकरण नगरेका स्वास्थ्य संस्थाले मनासिव कारण सहित नविकरणका लागि निवेदन दिएमा अनुसूची-४ मा उल्लेख भए बमोजिमको दस्तुरको अतिरिक्त पाँच गुणा बढी नविकरण दस्तुर लिई एक पटकको लागि कार्यविधी बमोजिमको प्रकृया पुरा गरी त्यस्तो अनुमति नविकरण गरिदिन सकिनेछ ।

(६) उपदफा (५) बमोजिमको अवधिभित्र नविकरण नभएका स्वास्थ्य संस्थाहरु स्वतः खारेज हुनेछन् ।

१२. **गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्था** : (१) स्वास्थ्य संस्थाले आफूले प्रदान गरेका सेवाहरुको यस कार्यविधी मा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक बर्ष परीक्षण (स्वःमूल्यांकन्) गराई सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र अनुमति प्रदान गर्ने निकाय समक्ष अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सो प्रतिवेदन पेश गर्न अनुमति प्रदान गर्ने निकायले निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमति प्रदान गर्ने निकाय, प्रादेशिक स्वास्थ्य संरचना र मन्त्रालयलले आवश्यकता अनुसार जोखिम, भौगोलिक अवस्थिति, बिरामीको चाप, शल्यक्रियाको संख्या, वित्तीय लगानीका आधारमा नमूना छनौट गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यस कार्यविधीमा मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ ।

(४) यस कार्यविधी मा अन्यत्र जुनसुकै कुरा लेखिएका भए तापनि प्रादेशिक स्वास्थ्य संरचना/तालुकदार निकाय तथा मन्त्रालयले जुनसुकै निकायबाट सेवा सञ्चालन अनुमति प्राप्त गरेको अस्पताल वा स्वास्थ्य संस्था र अनुमति प्रदान गर्ने निकायको समेत अनुगमन गर्न सक्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी सेवा सञ्चालन गरेको पाईएमा त्यस्ता संस्थालाई तत्काल सुधारका लागि बढीमा तीन महिनाको म्याद दिई सुधारको मौका दिन सकिनेछ ।

(६) यस दफा बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, यस कार्यविधी बमोजिमका गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगर्ने वा गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सम्बन्धित अनुमति प्रदान गर्ने निकायले त्यस्ता स्वास्थ्य संस्थाले प्रदान गरि आएको सेवा पूर्ण वा आंशिकरुपमा तत्काल बन्द गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम स्वास्थ्य संस्थालाई कारबाही गर्नु पूर्व सम्वन्धित स्वास्थ्य संस्थालाई मनासिब माफिकको सफाइ पेश गर्न मौका दिनु पर्नेछ ।

(८) यस कार्यविधीमा अन्यत्र जुनसुक कुरा लेखिएका भए तापनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले सीमित गर्ने छैन ।

(९) स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिने प्रक्रिया प्रारम्भ नगरेका स्वास्थ्य संस्थामा कुनै पनि चिकित्सक, नर्स, वा स्वास्थ्यकर्मीले क्लिनिकल प्राक्टिस गर्न पाउने छैन । कुनै चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले त्यस्तो संस्थामा क्लिनिकल प्राक्टिस गरेमा निजलाई कारवाहीको लागि सम्बन्धित परिषदमा लेखी पठाईने छ ।

३-१०९.

**१३. निवेदन दिन सक्ने :** (१) दफा १२ को उपदफा (६) बमोजिम दिएका आदेश वा अनुगमन समितिले यस कार्यविधी बमोजिम पेश गरेको अनुगमन प्रतिवेदन उपर चित्त नबुझे स्वास्थ्य संस्थाले त्यस्तो प्रतिवेदन पेश भएको मितिले १५ दिन भित्र चित्त नबुझ्नुको स्पष्ट आधार र कारण सहित पुनरावलोकनको लागि प्रादेशिक स्वास्थ्य संरचना र तालुकदार निकाय समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर अनुमति प्रदान गर्ने निकायको प्रतिकृया समेत लिई प्रादेशिक स्वास्थ्य संरचनाले छानविन गरी यथाशीघ्र निर्णय गर्नेछ र सो सम्बन्धमा प्रादेशिक स्वास्थ्य संरचना र तालुकदार निकाय को निर्णय अन्तिम हुनेछ ।

**१४. स्वास्थ्य संस्था गाभिई सेवा सञ्चालन गर्न सक्ने :** स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन सञ्चालनमा रहेका एक भन्दा वढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निकाय समक्ष त्यस्ता स्वास्थ्य संस्थाहरुले संयुक्तरुपमा निवेदन दिन सक्नेछन् ।

**१५. अनुमति खारेजी तथा कारवाही सम्बन्धि व्यवस्था:** (१) यस कार्यविधी जारी हुनु पुर्व अनुमति प्रदान गर्ने निकायमा दर्ता भई सेवा संचालन गरि रहेका स्वास्थ्य संस्थालाई यस कार्यविधी बमोजिम अनुमती लिन आउन निश्चित समयावधि तोकि सुचना प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र अनुमती नलिने स्वास्थ्य संस्था र दफा ११ को उपदफा (५) बमोजिम अवधि भित्र नविकरण नगर्ने स्वास्थ्य संस्थाको अनुमती खारेज गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वास्थ्य संस्थालाई सफाईको मौका नदिई खारेजीको प्रकृया अगाडी बढाइने छैन।

## परिच्छेद ४
## सेवा सम्बन्धी व्यवस्था

**१६. अस्पतालका पूर्वाधार तथा मापदण्डहरू:**

१) १५ शैयासम्मका अस्पतालको पूर्वाधार तथा मापदण्डहरू यसप्रकार हुनेछ।

(क) अस्पताल रहने स्थान धुवाँ धुलो, ध्वनि, जल तथा जमिन प्रदूषणबाट मुक्त भएको ।
(ख) अस्पताल रहने क्षेत्र र हाताभित्र उपयुक्त सुरक्षाको व्यवस्था भएको ।
(ग) अस्पताल स्थापना हुने स्थान सडक यातायातको पहुच भएको ।
(घ) पानी, बिजुली र सञ्चार सुविधा उपलब्ध भएको ।
(ङ) सवारी साधन पार्किङका लागि पर्याप्त व्यवस्था भएको ।
(च) अस्पताल परिसरमा स्वस्थकर वातावरणका लागि बृक्षारोपण तथा बगैचाको व्यवस्थाभएको ।
(छ) जोखिमपूर्ण फोहरव्यवस्थापनका लागि उपयुक्त प्रविधिको व्यवस्था गर्नुका साथै फोहरमैला व्यवस्थापन ऐन, २०६८ र फोहरमैला व्यवस्थापन नियमावली, २०७० बमोजिम फोहर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार व्यवस्था मिलाएको ।
(२) आकस्मिक सेवाका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनुपर्नेछ :-
(क) कुल शैया क्षमताको कम्तिमा दश प्रतिशतका दरले आकस्मिक कक्षमा शैयाहरू उपलब्ध हुनु पर्नेछ । आकस्मिक सेवाका लागि छुट्याएको शैयालाई देहाय अनुरुपवर्गीकरण गरी सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ :-
(१) Red (R) = अति सिकिस्त बिरामीको सेवा दिने शैया बराबर एक प्रतिशत,
(२) Yellow (Y) = सिकिस्त बिरामीको सेवा दिने शैया बराबर दुई प्रतिशत,
(३) Green (G) = सामान्य बिरामीको सेवा दिने शैया बराबर तीन प्रतिशत,
(४) Black (B) = मृत्यु भईसकेका बिरामीलाई राख्ने शैया बराबर एक प्रतिशत,
(५) Observation Room/Bed बराबर तीन प्रतिशत,

दश प्रतिशत भन्दा वढी शैया छुट्याएको सन्दर्भमा माथि उल्लेख भएका वर्गीकरणको अनुपातमा शैयाको बाँडफाँड हुनु पर्नेछ ।

(ख) आकस्मिक कक्ष सञ्चालन गर्दा अल्ट्रासाउण्ड, एक्सरे इमेजिङ सेवा, प्रयोगशाला, ओ.पी.डी., ओ.टी. तथा अन्य वार्डहरुमा समेत सजिलै बिरामी ल्याउन लैजान सकिने (ह्विलचेर /ट्रली ,स्टेचर) गरी सञ्चालनमा ल्याएको हुनु पर्नेछ ।



२-१०९.

(ग) आकस्मिक कक्षमा प्रतिक्षालय, शौचालय, ट्रायज (Triage Room) चेन्जिङ्ग रुम, Medico-legal Case जस्तै Rape victim आदिको लागि गोपनियता सुनिश्चित हुने कोठाको समेत व्यवस्था भएको हुनु पर्नेछ ।
(घ) चौबीसै घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ ।
(ङ) पच्चिस शैया क्षमताका अस्पतालमा आकस्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौबीसैघण्टा र चिकित्सक अनकल (on call) मा उपलब्ध हुने व्यवस्था हुनु पर्नेछ ।
(च) आकस्मिक विभागवाट बिरामी भर्ना गर्न, रिफर गर्ने बिरामीको रेफरल प्रकृया तथाबिरामी सार्ने पद्धति स्पष्टरुपमा परिभाषित रहेको हुनु पर्नेछ ।
(छ) प्रकोपजन्य रोगहरु, प्राकृतिक प्रकोप जस्ता पक्षहरुलाई बिचार गरी आकस्मिक उपचारसेवाका लागि संस्थाले विपत- व्यवस्थापन योजना बनाएको हुनु पर्नेछ ।
(ज) आकस्मिक सेवामा काम गर्ने जनशक्ति कम्तिमा Basic Life Support (BLS)/Primary Trauma Care (PTC)/Advance Cardiac Life Support (ACLS)/ Advance Trauma LifeSupport (ATLS) आदि सम्बन्धी तालिम लिएको हुनु पर्नेछ ।

(३) बहिरंग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनुपर्नेछ :-
(क) अस्पतालबाट प्रदान हुने प्रत्येक विशेषज्ञ सेवाका लागि ओ.पी.डी. कक्षको व्यवस्थामिलाएको ।
(ख) अस्पतालका लागि सामान्यतया सामान्य चिकित्सा, वालरोग, सामान्य शल्यक्रिया, स्त्रीतथा प्रसुती सेवा हुनुपर्ने तथा पूर्वाधार पूरा गरी हाड जोर्नी, नाक कान घाँटी, छाला तथा यौनरोग, आँखा, दन्त सेवा जस्ता सेवाको लागि स्वेच्छिक रुपमा सञ्चालन गर्नसक्ने ।
(ग) उपलब्ध भएका चिकित्सकहरु मध्ये सेवाग्राहीले उपलब्ध भएसम्म रोजेकोचिकित्सकसँग परीक्षण गर्न पाउने व्यवस्था भएको ।

(४) अन्तरंग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनुपर्नेछ :-
(क) अस्पतालमा शल्यक्रिया पश्चात पनि बिरामीको अवस्था स्थिर नभएसम्म उक्तशल्यक्रिया गर्ने समूह तथा सर्जन चिकित्सक र एनेस्थेसियोलोजिष्ट अस्पतालमा रहिरहनु पर्ने र तत्पश्चात पनि सर्जरीको प्रकृति हेरी आवश्यक परेको खण्डमा तत्कालउपलब्ध हुने व्यवस्था मिलाउनु पर्ने ।
(ख) नर्सिङ्ग ड्यूटी स्टेशनबाट प्रत्येक बिरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था गर्नु पर्ने ।उक्त सुविधा नभएमा प्रत्येक बिरामीको शैयामा कल बेल राख्नु पर्ने ।
(ग) एक कन्सल्ट्याण्टको मातहतमा स्वास्थ्य सेवाको कुनैपनि युनिटमा पन्ध्र शैया भन्दा बढी शैया राख्न नपाइने ।

(५) एलाईड हेल्थ तथा निदानात्मक सेवाका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनुपर्नेछ :-
(क) प्रत्येक किसिमका परीक्षणको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति अनुरुपको प्रयोगशालाको व्यवस्था भएको हुनु पर्ने ।
(ख) रेडियो डाइग्नोसिस, अल्ट्रासाउण्ड, एक्सरे फिल्म लोडिङ, अनलोडिङ तथा प्रोसेसिङलगायतका इमेजिङ सेवा कक्षहरू ओ.पी.डी., ओ.टी. तथा वार्डहरूलाई समेत सजिलै बिरामी ल्याउन लैजान सकिने (व्हीलचेयर/ट्रली, स्टेचर) गरी सञ्चालनमा ल्याएको हुनुपर्ने ।
(ग) यस्ता सेवा प्रदान गरिने कोठाहरूमा प्रतिक्षालय, शौचालय, चेन्जिङ रुमको समेतव्यवस्था भएको हुनु पर्ने ।

(६) शल्यक्रिया गर्ने स्वास्थ्य संस्थामा सेवाको प्रकार हेरी पाँचदेखि दश प्रतिशत सघन उपचारसेवाका High dependency Unit र आई. सि. यु. शैयाहरु रहनु पर्नेछ ।

(७) अस्पतालमा पोषण, खोंप, आमा र वच्चाको स्वास्थ्य, परिवार नियोजन जस्ता सेवाहरुकोनेपाल सरकारको नीति बमोजिम प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा उपलब्ध हुनु पर्नेछ ।

(८) अस्पतालमा कम्तीमा वच्चा तथा आमाको लागि विशेषज्ञ सेवा र विशेषज्ञ अस्पतालमा सो अस्पतालको प्रकृति अनुसारको विशेषज्ञ सेवा उपलब्ध गराउनु पर्नेछ ।

(९) **औषधि पसल** (Pharmacy) का लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पुरा गरेको हुनुपर्नेछ
(क) अस्पताल हाता भित्र औषधि पसलको व्यवस्था अस्पताल फार्मेसी सेवा निर्देशिका,२०७० बमोजिम गर्नु पर्नेछ ।
(ख) चौबिसै घण्टा फार्मेसी सञ्चालनका लागि फार्मेसी विषय अध्ययन गरेको दक्ष जनशक्तिको व्यवस्था हुनु पर्नेछ ।

(ग) फार्मेसी कक्षमा औषधिको गुणस्तरमा ह्रास नहुने गरी सुरक्षित भण्डारण गर्ने व्यवस्थामिलाउनु पर्ने । साथै ताप संवेदनशील औषधि तथा भ्याक्सिनको भण्डारण तोकिएकोतापक्रममा भण्डारण हुनुपर्ने ।
(घ) उपचारमा प्रयोग गरिने लागू औषधहरु (Narcotic drugs) लागू औषध (नियन्त्रण)ऐन, २०३३ बमोजिम स्वास्थ्य संस्थाले चिकित्सकको लिखित प्रेस्कीप्सन अनुसार मात्र वितरण गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ । साथै औषधिको आम्दानी तथा वितरणको अभिलेख राख्नु पर्नेछ ।
(ङ) म्याद नाघेका औषधिहरु नियमित रुपमा नेपाल स्वास्थ्य अनुसन्धान परिषदको Hospital Waste Management Guideline मा उल्लेख भएकोमा सोही बमोजिम र नभएको खण्डमा विश्व स्वास्थ्य संगठनको निर्देशिका बमोजिमको विधि अपनाई नष्टगर्नु पर्नेछ ।
(च) आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधिहरु चौबिसै घण्टा उपलब्ध हुने व्यवस्था हुनु पर्ने ।
(छ) अस्पतालले बाह्य व्यक्ति वा संस्थालाई फार्मेसी सेवा संचालन गर्न दिएको अवस्थामासो व्यक्ति वा संस्थाले पनि अस्पतालले पालना गर्नुपर्ने माथि उल्लेख भएका सम्पूर्णशर्तहरु अनिवार्य रुपमा पालना गर्ने व्यवस्था मिलाएको हुनु पर्ने ।
(ज) औषधीको खुद्रा मूल्यमा छुटको व्यवस्था भएमा सबैले देख्ने गरी सूचना टाँस गर्नुपर्नेछ ।
(झ) भवन संहितामा उल्लेखित मापदण्ड अनुरुप औषधि पसल सञ्चालन हुने भवन निर्माण भएको हुनु पर्ने ।

(१०) रक्त सञ्चार सेवा (Blood Bank) का लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धीमापदण्ड पुरा गरेको हुनु पर्नेछ :-
(क) अस्पताल हातामा ब्लड बैंकको व्यवस्था भएको हुनुपर्ने । सो नभएमा बिरामीको लागि आवश्यकपर्ने ब्लड उपलब्ध हुने गरी व्य वस्था मिलाइएको हुनु पर्ने ।
(ख) ब्लड बैंकको सम्बन्धमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति अनुरुपको व्यवस्था भएको हुनु पर्ने ।

(११) अस्पतालमा रहेका बिरामी तथा अन्य सेवाग्राहीलाई असहज नहुने गरी अलग्गै चिस्यानकक्ष वा शवगृहको व्यवस्था भएको हुनु पर्नेछ ।

(१२) अस्पताल व्यवस्थापन (Hospital Management) का लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

**(१) सोधपुछ तथा गुनासो सुनुवाई कक्ष**

(क) सेवाग्राहीहरूको सुविधाको लागि आवश्यक कर्मचारी सहितको सोधपूछ कक्षकोव्यवस्था हुनुपर्ने ।
(ख) अस्पतालले प्रदान गर्ने सेवाका विषयमा सेवाग्राहीको गुनासो सुनुवाइ गर्ने उचित प्रवन्ध मिलाइएको हुनु पर्ने ।

**(२) सूचना संप्रेषण :**

(क) अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन कल (Intercom) को व्यवस्थाका साथै आवश्यक आधुनिक संयन्त्रको समुचित प्रयोग हुनुपर्ने ।
(ख) अस्पतालहरुमा सार्वजनिक संचार सेवाको व्यवस्था हुनुपर्ने ।
(ग) प्रहरी, एम्बुलेन्स, दमकल जस्ता सेवा लगायतका आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नु पर्ने ।

**(३) पानी वितरण :**

(क) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबीसै घण्टा शुद्ध पानी विश्व स्वास्थ्य संघले तोक अनुरुपको आपूर्ति हुनु पर्ने ।
(ख) अस्पतालद्वारा वितरण हुने पानीको गुणस्तर परिक्षण ४/४ महिनामा गराई अभिलेख राखिएको हुनुपर्ने। बहिरंग, नर्सिङ्ग कक्ष, अन्तरंग, अपरेशन थिएटर र आपतकालीन कक्षहरुमा पानी व्यवस्था हुनु पर्ने ।

**(४) विद्युत आपूर्ति :**

(क) अस्पताल क्षेत्रभित्र र सबै विभागहरूमा चौबीसै घण्टा विद्युत आपूर्ति हुने व्यवस्था मिलाएको हुनुपर्ने । साथै लोडसेडिङको समयमा विद्युत आपूर्ति गर्न अटोमेटिक ब्याक अप सिष्टम स्थापना गरेको हुनुपर्ने ।
(ख) ओ.टी., आई.सि.यू., सि.सि.यू., इमर्जेन्सी कक्ष लगायतका संवेदनशील कक्षहरूमा आपतकालीन विद्युत ब्याक-अप सिष्टम राखेको हुनुपर्ने ।

**(५) सरसफाई तथा शौचालय व्यवस्था :**

(क) अस्पतालको सम्पूर्ण क्षेत्र सधैं सफा राख्नु पर्नेछ ।
(ख) स्वास्थ्य संस्थाका सबै कक्ष, बहिरंग विभाग, प्याथोलोजी सेवा, डाक्टर तथा स्टाफका लागि (आवश्यकतानुसार), प्रति दश बेडको जनरल सेवामा एक महिला, अपाङ्ग, पुरुषका लागि अलगअलग शौचालयको व्यवस्था हुनु पर्नेछ।-
(ग) शौचालय सधै सफा राख्ने व्यवस्था गरेको हुनु पर्नेछ ।

(६) **मर्मत सम्भार व्यवस्था :**
(क) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरू समयमानै मर्मतकोव्यवस्था हुनु पर्नेछ । साथै ठूला र गम्भीर प्रकृतीका औजार उपकरणहरुको कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत सम्भार कार्ययोजना बनाई सोही अनुसार मर्मत गरेको हुनु पर्नेछ ।
(ख) अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र, उपकरण,विद्युतीय उपकरण र अन्य विद्युतीय उपकरणहरूको नियमित मर्मत संभार गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।
(७) **बिरामी कुरुवालाई सुविधा** : अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार बिरामीको साथमा रहने एक जना कुरुवालाईबस्न सक्ने प्रवन्ध हुनु पर्नेछ ।
(८) **क्यान्टिन सुविधा** : स्वास्थ्य संस्था हाता भित्र खाना पकाउने (Kitchen) र खाना खाने Dining अलग-अलग ठाउँ सहितको सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था भएको हुनु पर्नेछ ।
(९) **लण्ड्री व्यबस्था :**
(क) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगा कपडा धुनको लागि लण्ड्रीको व्यवस्था भएको हुनु पर्ने ।
(ख) अस्पताल भर्ना भएका बिरामीको लुगा धुने सुविधाको व्यवस्थाभएको हुनु पर्ने ।
(१०) **भण्डार (Store) व्यवस्था :**
(क) आपत्कालीन अवस्थामा प्रयोग हुने सामग्रीहरूको अलग्गै भण्डार कक्ष हुनुपर्ने । यस्तो भण्डारमा कम्तिमा एक महिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था हुनुपर्ने ।
(ख) अस्पतालको लागि आवश्यक लत्ताकपडा, सरसफाइ सामग्री, औजार, उपकरण तथा औषधिको न्यूनतम मौज्दात रहनु पर्ने र सो सामग्रीहरुको उपयुक्त भण्डारणको -Refrigerator, Ventilation, A/C आदि व्यवस्था गरेको हुनु पर्ने ।
(११) **सुरक्षा व्यवस्था :**
(क) अस्पतालमा सुरक्षा व्यवस्था मिलाउन सुरक्षा गार्डको व्यवस्था भएको हुनुपर्ने ।
(ख) आपत्कालीन अवस्थाको लागि तत्काल सेवा प्रदान गर्न राज्यका सुरक्षा निकायसँग समन्वय कायम गर्ने व्यवस्था मिलाएको हुनुपर्ने ।
(१२) **एम्बुलेन्स सञ्चालन** : अस्पतालमा मेडिकल एटेण्डेण्ट सहितको १ वटा एम्बुलेन्स अनिवार्य हुनुपर्ने र अस्पतालले त्यस्ता मेडिकल एटेण्डेण्टलाई Basic Emergency Medicine Training दिने व्यवस्था मिलाउनुका साथै एम्बुलेन्स सेवा सञ्चालन नीति, २०६० बमोजिम एम्बुलेन्स सेवा संचालन गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।
(१३) **यातायातको व्यवस्था** :अस्पतालले कम्तिमा रात्रीकालिन समयमा काम गर्ने कर्मचारीलाई आउन जान यातायातको व्यवस्था अनिवार्य रुपमा मिलाउनु पर्नेछ ।
(१४) **स्थान तथा जग्गा पूर्वाधार :**
(क) अस्पताल रहने स्थान (Location) : अस्पताल रहने स्थान छनौट गर्दा पायक पर्ने गरी प्रदूषणमुक्त क्षेत्रको छनौट गर्न पर्नेछ । विशिष्ट प्रकृतिको वहुसेवा उपलब्ध गराउने अस्पताल, आयुर्वेद, होमीयोप्याथिक जस्ता फरक प्रकृतिका अस्पतालको हकमा र जनघनत्वको आधारमा अस्पतालको शैया आवश्यक देखिएमा यो बन्देज लागू हुनेछैन ।
(ख) अस्पताल सञ्चालनको लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा हुनु पर्नेछ । आफ्नो जग्गा नभएको हकमा कम्तीमा पन्ध्र बर्षका लागि जग्गा भाडामा लिई सो जग्गामा पूर्वाधार निर्माण गरी सञ्चालनमा ल्याउन सक्नेछ।
(ग) आफ्नो जग्गा नभएका पन्ध्र शैयाका अस्पतालले कम्तिमा पन्ध्र बर्षका लागि घर जग्गा भाडा (लिज) मा लिई सेवा सञ्चालन गर्न सक्नेछ । तर भाडामा लिईएको भवन, भवन संहिताका मापदण्ड अनुरुप निर्माण भएको हुनु पर्छ ।
(१५) **अस्पतालको भवन** (Building)**:**
(क) अस्पताल सेवा सञ्चालन गरिने भवनको नक्सा र डिजाइन भवन ऐन, २०५५ को दफा ११ मा भएको व्यवस्था अनुरुप स्वीकृत भएको हुनु पर्नेछ । नेपाल सरकारले अस्पतालका सम्बन्धमा छुट्टै मापदण्डतोकेको भएमा सोही बमोजिम र नगरपालिकाबाट भवन निर्माण सम्बन्धी योजना स्वीकृत भएको हुनु पर्नेछ ।
(ख) भवनमासर्वसाधारणको जानकारीका लागि Disaster Management Plan तयार गरी सुरक्षा सम्बन्धी संकेत चिन्हहरु उपयुक्त स्थानमा प्रस्ट देखिने गरी राखिएको हुनु पर्नेछ ।
(ग) अस्पतालको कोठाहरु उपयुक्त भेन्टीलेसन वा वातानुकुलित यन्त्र राखिएको हुनु पर्नेछ ।
(घ) अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पी.डी., प्रयोगशाला, वार्ड, फार्मेसी, क्यान्टिनको व्यवस्था हुनुपर्नेछ ।
(ङ) अस्पतालमा ह्विलचेयर तथा ट्रलिको सहज आवागमनको व्यवस्थाका लागि लिफ्ट/र्याम्पको व्यवस्था भएको हुनुपर्नेछ
(च) प्रतिक्षालयमा आवश्यकतानुसार बस्ने कुर्सीको व्यवस्था हुनुपर्ने र सूचना-पाटी, टेलिभिजन, पत्रपत्रिका लगायतका माध्यमबाट सूचना प्रदान गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ ।
(छ) अस्पतालको कुल निर्माण क्षेत्रफल, प्रति शैया ५५ वर्ग मीटरका दरले हुनु पर्नेछ । उक्त क्षेत्र भित्र सोधपुछ, दर्ता कक्ष, प्रतिक्षालय, प्रवेशद्वार सहितको हलको क्षेत्र समावेश भएको हुनुपर्नेछ । सो बाहेक भान्सा घर, लुगाधुने कोठा, जेनरेटर कक्ष, कर्मचारी आवास तथा भण्डारकक्ष, मर्मत सम्भार कक्ष आदिका लागि थप व्यवस्था गरेको हुनुपर्नेछ ।

(ज) आफ्नो जग्गा नभएका पच्चिस शैयाका अस्पतालले घर जग्गाभाडामा लिई सेवा सञ्चालन गर्दा सो घर भूकम्पीय जोखिम प्रतिरोध क्षमता भएको भनि सहरी विकास तथा भवन विभाग/डिभिजनकार्यालय/ नगरपालिकाबाट प्रमाणित भएको हुनु पर्नेछ ।

(झ) बहिरंग विभागको प्रत्येक कोठाको क्षेत्रफल कम्तिमा चौध वर्ग मीटर हुनु पर्नेछ । शौचालय, प्रतिक्षालय, बिशेषज्ञको सहयोगी रहने कक्षका लागि पर्याप्त स्थान हुनु पर्नेछ ।

(ञ) बिरामीको चापको अनुपातमा पर्याप्त र सुविधाजनक हुने गरी फर्निचर सहितको प्रतिक्षालयको व्यवस्था भएको हुनुपर्नेछ ।

(ट) आपतकालीन सेवाका लागि प्रयोग हुने सवारी साधनहरू अस्पतालको आपतकालीन कक्ष र अन्य अत्यावश्क ठाउँमा सहज रुपमा जान सक्ने गरी अलग्गै बाटो र गेटको व्यवस्था गरेको हुनुपर्नेछ ।

(ठ) सेवाग्राही र अस्पताल कर्मचारीहरूले प्रयोग गर्ने सवारी साधन रएम्बुलेन्स दमकल जस्ता सवारी साधनका लागि पार्किङ्गको व्यवस्था हुनुपर्नेछ । न्यूनतम पार्किङ कूल जग्गाको पच्चीस प्रतिशत वा प्रति तीन शैयाका लागि एउटा कार पार्किङ गर्न मिल्ने स्थल मध्ये जुन बढी हुन्छ सोही अनुसार हुनु पर्नेछ ।

(ड) अस्पताल जेष्ठ नागरिक, बालबालिका तथा अपांगमैत्री हुनु पर्नेछ ।

(ढ) व्हिलचेयर, ट्रलि, स्ट्रेचरको पर्याप्त व्यवस्था हुनुपर्ने र यस्ता सामग्री राख्ने ठाउँ र चलाउन सकिने पर्याप्त ठाँउ र चलाउने मानिसकोसमेत व्यवस्था भएको हुनु पर्नेछ ।

(१६) वातावरण व्यवस्थापनका लागि देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

(प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकनमा प्रस्ताव भए बमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(१७) फोहरमैला व्यवस्थापनका लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पूरा गरेको हुनु पर्नेछ :-

(क) अस्पतालबाट निष्काशित फोहरमैलाको व्यवस्थापन फोहरमैला व्यवस्थापन ऐन, २०६८ र फोहरमैला व्यवस्थापन नियमावली, २०७० ले [illegible] बमोजिम हुनुपर्ने ।

(ख) अस्पतालबाट [illegible] हुने सामान्य तथा चिकित्साजन्य फोहरमैला प्रकृति अनुसार स्रोतमै अलग अलग छुटयाउने, संकलन, ढुवानी तथा उचित बिसर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने ।

(ग) अस्पतालबाट सृजित संक्रमणजन्य फोहरलाई निःसंक्रमण गरेर अन्तिम व्यवस्थापन गर्नुपर्ने ।

(घ) अस्पतालमा मर्करी[illegible] उपकरणको सट्टा डिजीटल प्रविधियुक्त उपकरण प्रयोग गर्नु पर्नेछ ।

(१८) अस्पताल सम्बन्धी अन्य मापदण्डः अस्पताल सम्वन्धी अन्य मापदण्डः "स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० को दफा १७ बमोजिम हुनेछ।

१७. <u>स्वास्थ्य क्लिनिक/पोली [illegible]क सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरु</u> : (१) स्वास्थ्य क्लिनिक/पोली क्लिनिकमा स्वास्थ्य जाँच गर्न [illegible] पनि मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तीमा पनि MBBS वा सो सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त [illegible] सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

(२) परामर्श सेवा दिने [illegible] स्वास्थ्य विज्ञानमा प्रमाणपत्र तह उत्तीर्ण गरी परामर्श सेवा तालीम प्राप्त हुनुपर्नेछ ।

(३) पोली क्लिनिकमा [illegible] इमेजिङ्ग सेवा, प्रयोगशाला तथा औषधी उपचार सेवा सञ्चालन गर्नु परेमा छुट्टाछुट्टै सेवा सम्बन्धी निर्धारित [illegible] गर्नु पर्नेछ ।

(४) स्वास्थ्य क्लिनिक/पोली [illegible]कमा स्वास्थ्य सेवा संचालनका लागि देहाय बमोजिमका आवश्यक न्यूनतम भौतिक सुविधाहरु हुनुपर्नेछ :-

| | |
|---|---|
| (क) बिरामीको जाँच गर्न Ventilated AC कोठा<br>सेवा अनुसारको [illegible]मा १४ वर्ग मिटरका) | १ |
| (ख) बिरामी बस्न [illegible] | १ |
| (ग) बिरामी जाँच्ने टेबल | १ |
| (घ) चिकित्सकका लागि टेबुल | १ |
| (ङ) चिकित्सकका लागि [illegible] | १ |
| (च) बिरामी बस्ने [illegible] | १ |
| (छ) शौचालयको [illegible] सहित) | २ |
| (ज) टेलिफोन, इन्ट[illegible] | |

(झ) स्वास्थ्य शिक्षा सम्बन्धी सूचनामूलक पोष्टर तथा अन्य सामग्री
(ञ) स्वच्छ पानीको आपूर्ति
(ट) निरन्तर विधुत आपूर्ति
(ठ) औजार निर्मलीकरणको लागि Autoclave Machine १

(५) सेवा र विषय अनुसारका आवश्यक औजार तथा उपकरणहरुको व्यवस्था गर्नु पर्नेछ ।
(६) बिरामीको सम्पूर्ण विवरण राख्नको लागि कम्प्यूटर वा रजिष्टर प्रयोग गर्नु पर्नेछ ।
(७) क्लिनिकमा प्रयोग हुने सम्पूर्ण औजारहरुको अनिवार्य निर्मलीकरणको व्यवस्था गर्नु पर्नेछ ।
(८) क्लिनिकमा काम गर्ने सम्पुर्ण कर्मचारीको योग्यताको प्रमाणप्रत्रको प्रमाणित प्रतिलिपी साथै प्रविधिक कर्मचारीहरुको सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी राख्नु पर्नेछ ।
(९) व्यवसाय दर्ता, सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ
(१०) पालिकाबाट तोकिएको एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको ढाँचा अनुसार नियमित रुपमा मासिक प्रतिवेदन पालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।
११) अन्य मापदण्ड "स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७०"बमोजिम हुनेछ ।

**१८. रेडियोलोजी वा डाईग्नोष्टिक एण्ड इमेजिङ सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा शर्तहरु :**

(१) यस कार्यविधीमा प्रयोजनको लागि रेडियोलोजी वा डाईग्नोष्टिक सेवा अन्तरगत देहायका प्रविधिहरु समावेश गरिएको छ :-

- X-ray (300 mA सम्म)
- Ultrasonogram (USG)

(२) उपदफा (१) मा उल्लेख गरिएको बाहेका थप प्रविधिको लागि माग भएमा पालिकाको सिफारिसमा अनुमति प्रदान गर्ने निकायले स्वीकृती दिनेछ ।

(३) रेडियोलोजी डायग्नोष्टिक तथा ईमेजिङ्ग सेवाबाट पर्ने विकिरणका दूष्प्रभावलाई कम गर्नका लागि उक्त सेवा सञ्चालन गर्न अनुमति दिदा वा सिफारिस गर्दा निम्न मापदण्डलाई आधार मानिनेछ :-

**(क) एक्सरेका लागि :**

(१) एउटा एक्सरे मेसिनका लागि कम्तीमा २२५ स्क्वायर फिटका कोठा हुनु पर्ने ।
(२) एक्सरे गर्ने कोठाका Wall Thickness:-
(क) ९ ईन्च With Plaster of Paris वा
(ख) 6 Inch with 20 mm lead barrier वा
(ग) २.० एम एम lead thickness हुनु पर्ने । साथै झयाल, ढोका तथा भित्ताबाट हुने विकिरणका चुहावट हुन नसक्ने गरी आवश्यक व्यवस्था भएको हुनुपर्ने ।
(३) X-ray सेवा प्रदान गर्ने व्यक्तिका लागि एक्सरे कोठा भित्र ०.५ mm को एप्रोन तथा radiation protective measures का व्यवस्था हुनुपर्ने ।
(४) Radiology मा कार्यरत कर्मचारीहरुका लागि radiation dose monitor उपलब्ध हुनु पर्दछ र समय समयमा Radiation Survey Monitoring गर्नुपर्ने ।
(५) Eye, Gonadal, Thyroid Gland आदिका Protection को लागि Lead Glass /gloves / lead apron को व्यवस्था हुनुपर्ने ।
(६) X-ray एक्स्पोज गर्ने कोठा डार्करुम र प्रतिक्षा गर्ने कक्ष छुट्टाछुट्टै हुनुपर्ने ।
(७) Radiology विभागमा जनसाधारणाले देख्ने ठाउँमा X-ray विकिरणले स्वास्थ्यमा खराब असर पर्न सक्छ भन्नेबार सूचना गर्ने । साथै सूचनामा गर्भवती महिला तथा बालबालिलाई अनावश्यक विकिरणबाट बच्न अनुरोध गर्ने ।
**(ख) रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यता** : रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यता स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७० को दफा २३ (ग) बमोजिम हुनेछ।

**(ग) Radiation Measurement and Protection सम्बन्धी व्यवस्था:** Radiation Protection व्यवस्थित गर्न र X- ray Unit हरुको गुणस्तर नाप गर्नलाई चाहिने आवश्यक उपकरण खरीद गरी स्वास्थ्य मन्त्रालयले तोकेका निकायमा राख्ने र अनुगमन तथा निरीक्षणमा प्रयोग गर्ने र गुणस्तर, Dose Monitor गर्ने । विश्व स्वास्थ्य संगठनका मापदण्ड अनुसार कुनै काम गर्ने व्यक्तिमा radiation को dose 20 Milisievert per year (WHO) को सन् २००२ को मापदण्ड अनुसार देखिएमा उपयुक्त क्षतिपूर्तिका व्यवस्था सम्बन्धित संस्थाले मिलाउन पर्नेछ ।

**(घ Ultrasonogram (USG) :** Ultrasonogram (USG) को प्रयोग सम्बन्धमा रेडियोलोजिष्टहरु बाहेक आफनो क्षेत्रमा मात्र प्रयोगमा ल्याउने गरी मान्यता प्राप्त संस्थाबाट कम्तीमा ३ महिनाको USG तालिम प्राप्त गरेको स्त्री तथा प्रसूति रोग सम्बन्धी विशेषज्ञहरुले गर्न पाउनेछन । सेवा सञ्चालन गर्न आवश्यक पर्ने निम्न बमोजिमका उपकरणहरुका व्यवस्था हुनु पर्नेछ

(१) इमर्जेन्सी सेवामा चाहिने औषधी लगायत औजार उपकरणहरुको व्यवस्था हुन पर्ने ।

(२) स्ट्रेचर, ह्वील चियरको व्यवस्था हनु पर्ने ।

(३) शौचालयको राम्रो व्यवस्था हुन पर्ने ।

(४) रेकर्डिङ्ग तथा रिपोर्टिङ्गका लागि छुट्टै कोठाको व्यवस्था हुन पर्ने ।

(५) बैकल्पिक विद्युतका लागि जेनेरेटरका व्यवस्था हुनु पर्ने ।

(६) बिरामीका लागि र बिरामी कुरुवा बस्नको लागि कोठा लगायत बेञ्चको व्यवस्था हुनु पर्ने ।

(७) स्टोर, रिपोर्ट डिस्ट्रीव्यूसनका लागि छुट्टाछुट्टै कोठाको व्यवस्था हुनु पर्ने ।

(८) Medical Equipment repair & maintenance गर्दा बायोमेडिकल ईन्जिनीयर वा रेडियोलोजिकल उपकरण सम्बन्धी विशेष तालिम प्राप्त व्यक्ति हुन पर्ने

(९) विकिरण क्षेत्रमा काम गर्नेलाई अनिवार्य रुपमा रेडिएसन भत्ताको व्यवस्था हुनुपर्ने ।

**(ङ) रेडियोलोजी सेवाको लागि न्यूनतम उपकरण तथा जनशक्ति पूर्वाधारहरु :**

| सि.नं. | विवरण | क्लिनिक | २५ शैया | कैफियत |
|---|---|---|---|---|
| १ | एक्सरे मेशिन | १०० एम.ए. - १ | ३०० एम ए - १ | |
| २ | एक्सरे मेशिन पोर्टेवल मोवाईल | स्वेच्छिक | १०० एम ए - १ | |
| ३ | अल्ट्रासाउण्ड मेशिन | स्वेच्छिक | स्वेच्छिक | |
| ४ | जनशक्ति रेडियोलोजिष्ट | आशिंक समय | आशिंक समय | |
| ५ | सिनियर रेडियोग्राफिक टेक्नोलोजिष्ट | | | |
| ६ | रेडियोग्राफिक अधिकृत | १ | १ | |
| ७ | रेडियोग्राफर | दुई | दुई | |
| ८ | रेडियोग्राफिक अधिकृत | एक | एक | |

( स्वास्थ्य मन्त्रालयको स्वीकृति विना Radiology सम्वन्धी मशिन नेपालमा पैठारी गर्न पाइने छैन । )

१९. **प्रयोगशाला सेवा:** (१) प्रयोगशाला सेवा सञ्चालनका लागि प्रयोगशालाहरुको स्तर, विभाजन र जनशक्ति देहाय बमोजिम हुनु पर्नेछ :-

**(क) जनरल प्याथोलोजी: योग्यता:** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम. वि. वि. एस. वा सो सरह उत्तीर्ण गरी MD Path. MRC Path, DCP वा सो सरह उतीर्ण गरको हुनु पर्नेछ ।

**(ख) माईक्रोबायोलोजी: योग्यता:** मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Microbiology उपाधि प्राप्त ।

**(ग) हेमाटोलोजी :योग्यता:** मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Hameatology उपाधी प्राप्त ।

**(घ) MD Biochemistry:** योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Biochemistry उपाधि प्राप्त ।

३-७५८.

(ङ) **मेडिकल टेक्नोलोजिष्ट:** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजी विषयमा स्नातक BMLT उपाधी प्राप्त । गर्न पाउने परिक्षणहरु: Histopatholoty, Cytopathology & Bone Marrow Study बाहेकका सबै परीक्षणहरु ।

(च) **विशेषज्ञ मेडिकल टेक्नोलोजिष्ट:** मान्यता प्राप्त शिक्षण संस्थाबाटमेडिकल ल्याव टेक्नोलोजी विषयमा स्नातकोत्तर उपाधि MMLT प्राप्त । MMLT/M.Sc.Microiology, MMLT/M.Sc.Haematology, MMLT/M.Sc.Biochemistry, MMLT/M.Sc. Cytology गरेकोहरुले जुन विषयमा आफुले उपाधी प्राप्त गरेका छ सोही विषयमा मात्र प्रयोगशाला सञ्चालन गरी बिशेषज्ञ सेवा प्रदान गर्न पाउने छन ।

(छ) **ल्याव टेक्नीशियन:** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषमा प्रमाण पत्र तह वा सो सरह उतीर्ण । गर्न पाउने परिक्षणहरु: १५ शैया सम्मका सरकारी अस्पताल स्तरमा प्रदान गरिने प्रयोगशाला सम्बन्धी परिक्षणहरु ।

(ज) **ल्याव असिष्टेण्ट:** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एक बर्ष वा १५ महिनाको ल्या.अ तालिम पुरा गरी प्रमाण पत्र प्राप्त गरेका । गर्न पाउने परीक्षणहरु: १५ शैया सम्मका सरकारी अस्पताल स्तरमा प्रदान गरिने प्रयोगशाला सम्बन्धी आधारभूत परिक्षणहरु ।

नोट: माथि उल्लेखित जनशक्तिहरुले योग्यता हासिल गरेको विषयको पाठ्यक्रममा उल्लेखित सम्बन्धित परीक्षण गर्न पाउनेछन् ।

(२) उपदफा (१) मा उल्लखित जनशक्तिले आफूले प्राप्त गरेका प्रमाणपत्रका आधारमा व्यवसाय गर्न नेपाल सरकारले तोकेका परिषदमा दर्ता हुनु पर्नेछ ।

२०. **प्रयोगशाला सञ्चालन सम्बन्धी न्यूनतम मापदण्ड:** देहायमा उल्लेख भए बमोजिम सरकारी स्तरमा सञ्चालित प्रयोगशालाहरुको स्तर अनुसारको मापदण्ड निजी क्षेत्रमा सञ्चालित प्रयोगशालाहरुको न्यूनतम मापदण्ड हुनेछ :-

(क) प्रयोगशालामा कार्यरत जनशक्ति अनुसार देहायमा लेखिए बमोजिमका परीक्षणहरु मात्र गर्न पाईनेछ ।

(ख) आकस्मिक सेवा प्रदान गर्ने हरेक अस्पतालमा शैया अनुसारका आवश्यक पर्ने आकस्मिक परीक्षणहरु गर्नुपर्नेछ । आइ सी यु सेवा प्रदान गर्ने अस्पतालहरुमा Blood Gas Analyzer हुनुपर्नेछ।

(ग) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला वा अन्य सम्वद्ध निकायबाट सञ्चालन हुने गुणस्तर नियन्त्रक सम्बन्धी कार्यक्रममा अनिवार्य रुपमा भाग लिनुपर्नेछ ।

(घ) राष्ट्रिय जन स्वास्थ्य प्रयोगशालाबाट पठाईने गुणस्तर सम्बन्धी परीक्षण निर्देशन बमोजिम अनिवार्य रुपमा गर्नु पर्नेछ ।

(ङ) प्रत्येक कोठामा पर्याप्त प्रकास र भेन्टीलेशनको व्यवस्था हुनु पर्नेछ ।

(च) बिजुली र पानीको राम्रो व्यवस्था हुनु पर्नेछ ।

(छ) प्रयोगशालाले फोहर व्यवस्थापन नेपाल सरकारले तोकेको मापदण्ड अनुसार गरेको हुनु पर्नेछ ।

(ज) प्रयोगशालामा रगत तान्ने कोठा, सफा गर्ने कोठा, आकस्मिक कोठा, नमुना परिक्षण गर्ने कोठा र शौचालयको अनिवार्य व्यवस्था हुनु पर्नेछ ।

(झ) प्रयोगशालामा आवश्यक पर्ने टेवुल, कुर्सी लगायतका आवश्यक फर्निचरहरु पर्याप्त मात्रामा हुनुपर्नेछ।

(ञ) प्रयोगशालामा बिशेषज्ञ सेवा प्रदान गर्दा आफुले जुन उपाधी प्राप्त गरेको छ सोही अनुसारमात्र सेवा सञ्चालन गर्न पाउनेछ

(ट) प्रयोगशालाको रिपोर्ट प्रमाणित गर्नेको नाम, शैक्षिक योग्यता एवं परिषदको दर्ता नंम्बर उल्लेखित स्ट्याम्प वा प्रिन्टको प्रयोग उल्लेख गरेको हुनुपर्नेछ ।



२-७२८.

परिच्छेद ५

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुको मापदण्ड

२१. **आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुका मापदण्ड :**

(१) आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रणाली अन्तर्गत निजीं स्तरमा स्वास्थ्य संस्थाका स्थापना, सञ्चालन तथा स्तरोन्नति गर्दा देहायका मापदण्डहरुका पालना गर्नुपर्नेछ :-

**(क) आयुर्वेद स्वास्थ्य सेवा :**

(१) आयुर्वेद चिकित्सा प्रणाली अन्तर्गत स्वास्थ्य सेवा प्रदान गर्दा वा चिकित्सा व्यवसाय गर्दा सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा स्नातकोत्तर उपाधि हासिल गरी नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्ता भएका हुनु पर्नेछ । नेपाल सरकारका वहालवाला कर्मचारी भएमा नेपाल सरकारका पूर्व स्वीकृति लिनुपर्नेछ ।

(२) पञ्चकर्म सेवा केन्द्रमा सम्बन्धित बिषयमा कम्तिमा बि.ए.एम.एस वा सो सरह उपाधि प्राप्त व्यक्तिबाट वमन, विरेचन, शिरोविरेचन, आस्थापन, अनवासन वस्ति र रक्तमोक्षण प्रयोग गर्नुपन र उत्तरवस्तिका लागि सम्बन्धित विशेषज्ञबाट गर्नुपर्नेछ ।

(३) आयुर्वेद अस्पतालमा काम गन कर्मचारीलाई संक्रमण सुरक्षा सम्बन्धी आवश्यक तालिम दिनुपर्नेछ ।

(४) आयुर्वेद अस्पतालल जनशक्ति, भौतिक पूर्वाधार, आजार-उपकरण र सेवाका गुणस्तरीयतामा मात्र संस्था विस्तार गर्न स्वीकृतिका लागि माग गर्न र उपयुक्त ठहर भएमा शाखा विस्तारका स्वीकृति दिन सकिनेछ।

(५) बिरामीका उपचारका सिलसिलामा आवश्यकता अनुसार विशेषज्ञ चिकित्सक समक्ष वा उपयुक्त स्थानमा प्रेषण (रेफर) गर्नुपर्नेछ ।

(६) रोग निदानार्थ आवश्यक पर्ने ई.सि.जी., इ.इ.जी, प्याथोलोजी, रडियोलोजी तथा अन्य आवश्यक सेवाहरु संचालन गर्नुपरेमा सम्बन्धित विषयका जनशक्ति र सा सम्बन्धी भौतिक पूर्वाधार, औजार उपकरण नीति नियमका पालना गर्नुपर्नेछ ।

(७) इन्टिग्रेटेड क्लिनिक, नर्सिङ्ग होम वा अस्पताल भनी स्वीकृतिका लागि माग भएमा कुन कुन बिषय र सेवा दिन उद्देश्य राखिएका हो ? सो प्रष्ट उल्लेख गरि सोही बमोजिमका जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधार व्यवस्था गर्नुपर्नेछ ।

(८) आयुर्वेद चिकित्सा विधामा स्वास्थ्य रक्षा, रोग निवारण, औषधि द्रव्य काष्ठौषधि, रसौषधिका प्रयोग गरिने चिकित्सा सेवा, विना औषधि दिइने सेवा र आयुर्वेद स्वास्थ्य सेवामा उल्लेखित पूर्वकम अन्तर्गतका निराग्नी स्वेद (जल, वायु, सूर्यकिरण, पार्थिव तत्वको प्रयोग), अग्नि स्वेदन, अभ्यङ्ग ९बककबनभ०, सत्वावजय चिकित्सा (योगाभ्यास, ध्यान आदि) का माध्यमबाट रोगको रोकथाम वा दीर्घजीवनका लागि सञ्चालन गरिन संस्थाहरुले आयुर्वेद स्वास्थ्यकर्मीहरु, भौतिक पूर्वाधार, आवश्यक औजार उपकरण र तोकिएका मापदण्ड पुरा गरि जुन सुकै नाममा संचालन भएतापनि आधार ग्रन्थ सहित अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्न पाइनेछ ।

**(ख) आयुर्वेद चिकित्सा अन्तरगत रहन सेवाहरु:**

चिकित्सा सेवा :

१. रोग उपचार (आतुर विकार प्रशमन)

(क) युक्ति व्यपाश्रय चिकित्सा
(ख) संशमन (औषधि चिकित्सा)
(ग) संशोधन (वमनादि पञ्चकर्म शोधन चिकित्सा)
(घ) दैव व्यापाश्रय
(ङ) सत्वावजय
(च) शस्त्र-प्रणिधान
(छ) योगाभ्यास

२. स्वास्थ्य प्रवर्द्धनात्मक, स्वास्थ्य रक्षा तथा प्रतिरोधात्मक स्वास्थ्य सेवा

(क) प्रकृति विनिश्चय र परामर्श

(ख) स्वस्थवृत्त पालन -ऋतुचर्या, दिनचर्या, रात्रिचर्या, पथ्यापथ्य, आहार विहार
(ग) रसायन
(घ) वाजीकरण
(ङ) पञ्चकम
(च) योगाभ्यास

**(ग) आयुर्वेद अस्पताल,नर्सिङ्ग होम, पूर्वकर्म पञ्चकर्म सम्बन्धी मापदण्ड तथा पूर्वाधार:**"स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७०" बमोजिम हुनेछ ।

**(घ) होमियोप्याथिक चिकित्सा सेवा स्थापना तथा सञ्चालन मापदण्ड :**

१) सेवा: (क) उपचार (ख) परामर्श

२) जनशक्ति: (१) होमियोप्याथिक स्वास्थ्य क्लिनिक/पोलिक्लिनिकमा स्वास्थ्य जाँच गर्ने तथा परामर्श दिने व्यक्ति कुनै पनि मान्यता प्राप्त शिक्षण सँस्थाबाट कम्तिमा पनि स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको हुनुपर्नेछ ।

(२) होमियोप्याथिक स्वास्थ्य क्लिनिक/पोलिक्लिनिकमा भौतिक पूर्वाधारहरु निम्नानुसार हुनु पर्नेछ :-

भौतिक पूर्वाधार:

क) बिरामी जाँच गर्ने उपयुक्त कोठा
ख) बिरामी कुर्ने बेन्च र कुर्सी
ग) बिरामी जाँच गर्ने टेबुल र स्टुल
घ) शौचालय

३ होमियोप्याथिक चिकित्सा सेवा स्थापना तथा सञ्चालन सम्बन्धी अन्य मापदण्ड र पूर्वाधारहरु "स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७०" बमोजिम हुनेछ ।

**(ङ) एक्युपन्चर सेवा सम्बन्धी स्वास्थ्य संस्थाका पूर्वाधार र मापदण्डहरु** : अनेक रोगको उपचार गर्ने एक्यूप्रेशर क्लिनिक वा पोलि एक्युप्रेशर (प्राकृतिक चिकित्सा) क्लिनिक सञ्चालन गर्न निम्न लिखित न्यूनतम व्यवस्था हुपर्नेछ :-
(१) सेवा: क) परामर्श ख) उपचार
(२) जनशक्ति:
(क) कुनै विश्वविद्यालयबाट सम्बन्धित बिषयमा आवश्यक योग्यता (डाक्टर उपाधि) प्राप्त गरेको व्यक्तिहरु
(ख) कुनै पनि मान्य प्राप्त संघ संस्थाबाट आवश्यक तालिम (डाक्टर वा सो सरहको उपाधि) प्राप्त गरेका व्यक्तिहरु ।
(ग) कुनै पनि मान्यता प्राप्त संघ संस्थाबाट एक वर्ष वा सोभन्दा बढी तालिम प्राप्त व्यक्तिहरु ।
(घ) दक्ष जनशक्तिका साथमा न्यूनतम तीन वर्षसम्म अनुभव प्राप्त गरेको कुरा दक्ष जनशक्तिले प्रमाणित गरेको व्यक्तिहरु । "स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७०" बमोजिम हुनेछ ।

**(च) प्राकृतिक चिकित्सा अस्पतालका पूर्वाधारहरु** :"स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७०" बमोजिम हुनेछ ।

## परिच्छेद ६

## मानव संशाधन र औजार तथा उपकरणहरु व्यवस्थापन

२२. **जनशक्ति विकास योजना** : यस कार्यविधी बमोजिम अनुमती प्राप्त स्वास्थ्य संस्थाको जनशक्ति विकास सम्बन्धी मापदण्ड उल्लेखित भएको बाहेकको हकमा "स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७०"बमोजिम हुनेछ ।

२३. **जनशक्ति सम्बन्धी विस्तृत विवरण** : यस कार्यविधी बमोजिम अनुमती प्राप्त स्वास्थ्य संस्थाको जनशक्ति सम्बन्धी मापदण्ड उल्लेखित भएको बाहेकको हकमा "स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७०"बमोजिम हुनेछ ।

## परिच्छेद ७

## अभिलेख तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

**२४. अभिलेख तथा प्रदिवेदन:**

(१) प्रत्येक स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाहरु पालिकाको कार्यालयबाट प्राप्त एकिकृत स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली अनुसार अभिलेख राख्नु पर्नेछ । तोकिएको समयमा आफुले प्रदान गरेको सेवाको प्रतिवेदन पालिकाको कार्यालयबाट प्राप्त एकिकृत स्वास्थ्य सुचना व्यवस्थापन प्रणालीको ढाँचामा सम्बन्धित पालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । यसरी तोकिए बमोजिमको अभिलेख नराख्ने र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई नगरपालिकाले सचेत गराउनुका साथै अनुमति खारेज गर्न समेत सक्नेछ ।

(२) सूचना व्यवस्थापन गर्ने कर्मचारीलाई सम्बन्धित पालिकाको कार्यालयबाट एकिकृत स्वास्थ्य सुचना व्यवस्थापन प्रणाली सम्बन्धि तालिम लिने व्यवस्था गराउनु पर्नेछ ।

(३) स्वास्थ्य संस्थाले सेवा प्रदान गरेका विरामीहरुको रोगको विवरण ICD 10 अनुसार Coding गरी प्रतिवेदन गर्नु पर्नेछ ।

(४) स्वास्थ्य संस्थाले आफनो संस्थामा भएको जन्म तथा मृत्युको घटना विवरण प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा स्थानीय पञ्जिकाधिकारीलाई मासिक रुपमा दिनु पर्नेछ ।

(५) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा नेपाल सरकारले तोकेका Notifiable diseases का विरामी पत्ता लागेको वा शंका लागेको खण्डमा वा कुनै रोगको महामारीको शंका लागेमा तुरुन्तै सम्बन्धित पालिकाको कार्यालयमा सुचना गर्नु पर्ने छ ।

## परिच्छेद ८

## सञ्चालन अनुमति नविकरण हुन नसक्ने अवस्था र खारेजी सम्बन्धी व्यवस्था

**२५. सञ्चालन अनुमति नविकरण नहुने:** (१)यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा स्वास्थ्य संस्थाका सेवा सञ्चालन अनुमतिको नविकरण गरिने छैन :-

(क) नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पुरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरेको पाईएमा,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण मा उल्लिखित शर्तहरु पालना नगरेको पाईएमा,

(ग) स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाको तोकिएको ढाँचामा अभिलेख नराखेमा, तोकिएको ढाँचा र समयमा नियमित प्रतिवेदन नगरेमा र वार्षिक प्रतिवेदनसम्बन्धित पालिकाको कार्यालयमा पेश नगरेमा,

(घ) स्वास्थ्य संस्थाबाट सिर्जित अस्पतालजन्य फोहरमैलाको उचित व्यवस्थापन नगरेको पाईएमा,

(ङ) मन्त्रालय वा प्रादेशिक स्वास्थ्य संरचना वा सम्वन्धित निकाय वा पालिकाको कार्यालयले दिएको निर्देशनको उल्लंघन गरेमा,

(च) भवन संहिता अनुरुप भवन निर्माण नभएको वा पुराना भवनको हकमा तोकिएका समयभित्र भुकम्पीय दृष्टिकोणले भवन प्रबलीकरण गरेको नपाईएमा ।

**२६. खारेजी गर्न सकिने :** (क)यो कार्यविधी प्रारम्भ हुन अघि अनुमति प्राप्त गरी सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले संस्था सञ्चालन गर्न नसक्ने जनाइ सञ्चालन अनुमति खारेजीका लागि निवेदन दिएमा सम्बन्धित निकायले त्यस्ता संस्थाका सञ्चालन अनुमति खारेजी गर्न सक्नेछ ।

ख. गैर कानूनी कियाकलाप गरेको पाइएमा सम्वन्धित निकायले सम्वन्धित सेवा निलम्वन वा त्यस्ता संस्थाका सञ्चालन अनुमति खारेजी गर्न सक्नेछ ।

ग. दफा २२ बमोजिमको कार्यहरु गरेमा ।

## परिच्छेद ९

## विविध

**२७. सेवा शुल्क निर्धारण समिति सम्बन्धी व्यवस्था** : (१)सर्वसाधारणलाई उचित मूल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने प्रयोजनका लागि स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरका आधारमा त्यस्ता स्वास्थ्य संस्थाले लिन सक्ने सेवा शुल्कसम्बन्धी मापदण्ड निर्धारण गर्नका लागि सम्वन्धिपालिकाले एउटा सेवा शुल्क निर्धारण समिति गठन गर्नेछ र उक्त समितिको सिफारिसको आधारमा सेवा शुल्क निर्धारण हुनेछ ।

(२) उपदफा (१) का प्रयोजनका लागि सेवा शुल्क निर्धारण समितिको बैठक आवश्यकता अनुसार वस्नेछ ।

(३) सेवा शुल्क निर्धारण समितिको बैठक सम्वन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे वमोजिम हुनेछ।

**२८. मापदण्ड तथा अनुसूचीमा हेरफेर** सम्वन्धित पालिकाले यस कार्यविधिमा उल्लिखित मापदण्ड तथा अनुसूचीहरू आवश्यकता अनुसार हेरफेर र थपघट गर्न सक्नेछ ।

**२९. व्याख्या गर्ने अधिकार** : यस कार्यविधिमा उल्लिखित मापदण्डका कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा वाधा आई परेमा सम्वन्धित पालिकाले सो मापदण्डको व्याख्या गर्नेछ ।

**३०. स्वत: अमान्य हुने** :यस कार्यविधिमा लेखिएका कुनै कुरा प्रचलित कानूनको कुनै व्यवस्थासंग बाझिएमा बाझिएको हदसम्म स्वत: अमान्य हुनेछ ।

## अनुसूची १

पूर्वाधार, स्थायी एवं स्तरोन्नती स्वीकृति, गुणस्तर तथा व्यवस्थापन अनुगमन समिति सम्वन्धी व्यवस्था
(दफा २ को खण्ड (क) सँग सम्बन्धित)

पालिका स्तरीय

१. नगर उप-प्रमुख - संयोजक
२. प्रमुख प्रशासकिय अधिकृत – सदस्य
३. सामाजिक विकास समिती संयोजक - सदस्य
४. मेडिकल अधिकृत - सदस्य
५. प्रशासकिय अधिकृत – सदस्य
६. ल्याव टेक्निसियन / अधिकृत – सदस्य
७. अस्पताल नर्सिग [illegible] वा प.हे.न – सदस्य
८. स्वास्थ्य तर्फका अधिकृत स्तरको कर्मचारी – सदस्य
९. सिभिल ईन्जिनियर – सदस्य
१०. स्थानिय प्रशासन\[illegible] कार्यालयको प्रतिनिधी - सदस्य
११. स्वास्थ्य शाखा [illegible] - सदस्य सचिव

*पुनश्च: पालिकाको [illegible] सदस्यहरु नभएको अवस्थामा स्वास्थ्य कार्यालयबाट सदस्य कायम गर्ने ।*

*नोट: समितिले आवश्यकताना अनुसार सम्वन्धित विषयका विशेषज्ञलाई समितिका सदस्यका रुपमा थप गर्न सक्नेछ।*

## अनुसूची २

### पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि निवेदन फाराम

दफा ६ को उपदफा (१) सँग सम्वन्धित)

श्री ..............................................................

..............................................................

.............................................................. ।

निम्नानुसार प्रस्तावित स्वास्थ्य संस्था संचालन तथा पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि देहाय अनुसार कागजात सहित निवेदन फाराम पेश गरेको ... ।

**निवेदन फाराम:**

कार्यकारी अधिकृत/संचालन समितिको तर्फबाट

..............................................................

१. स्वास्थ्य संस्थाको नाम :- 		शैया संख्या :-

२. साधारण सेवा/विशे... अस्पताल के हो उल्लेख गर्ने :- 		प्रकार:

३. स्वास्थ्य संस्थाको ठेगाना (...चार गर्ने ठेगाना) :- प्रदेश:- 		जिल्ला :-

नपा : 		... नं. :- 		टोल :- 		ब्लक नं. :-

टेलिफोन :- 		मोबाइल :- 		पो.ब.नं. :-

४. अस्पताल खोल्ने ... प्रतिशत भन्दा बढी शेयर धारण गर्नेहरुको मात्र):-

| क.स | नाम थर | ठेगाना | नागरिकता न | मोबाइल नं. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

५. अस्पतालको लागि ... जग्गा र स्वामित्वको -

क) जग्गाको कित्ता नं, ... स्वामित्वको प्रकार:

(ख) लिजमा भए कबुलि... पेश गर्ने:

६. अस्पतालको वित्तीय ...

(क) निजी लगानी 		(ख) बैंक कर्जा

(ग) सरकारी 		(घ) अनुदान सहयोग

(ङ) गैरसरकारी संस्था... 		(च) शेयर कर्जा

अन्य वित्तीय लगानी :- 		(स्थीर पूँजी लागत) रु. ..................

(क) भवन तथा जग्गा ... रु. .................. 		(ख) औजार उपकरणको लागि :- रु. ..................

वित्तीय लगानी (चालु ...) रु. .................. 		रोजगार संख्या :-

अनुमानित आम्दानी :- ... .......... 		अनुमानित मुनाफा :- ................

मासिक :- रु. .......... 		त्रैमासिक :- रु. ................ 		वार्षिक :- रु. ................

७. देहायका विषयहरु ... भावी व्यवसायिक कार्ययोजना (क)स्वीकृत संस्थाबाट प्रदान गर्ने सेवाहरूको विवरण :

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
|---|---|---|
| अल्ट्रासाउण्ड | खोप | जनरल मेडिसिन |
| एक्स-रे | गर्भवती, सुत्केरी जाँच | जनरल सर्जिकल |

| | | |
|---|---|---|
| इसीजी, ट्रेडमिल | परिवार नियोजन | प्रसूति तथा स्त्री रोग |
| इन्डोस्कोपी | | विशेषज्ञ सेवा : जस्तै प्रसूति सेवा, मृगौला |
| प्रयोगशाला | | स्नायु, आँखा, हाडजोर्नी, मानसिक सेवा |
| | | |
| | | |
| | | |

(ख) संस्थामा प्रयोग हुने आवश्यक उपकरणहरूको विवरण (संलग्न गर्ने ):

| **उपकरणको नाम** |
|---|
| |
| |
| |
| |

(ग) संस्थामा सेवा पुऱ्याउनका लागि आवश्यक पर्ने जनशक्तिको विवरण (संलग्न गर्ने ):

| क.स | दक्षता | नाम थर | योग्यता | पार्टटाइम फुलटाइम |
|---|---|---|---|---|
| १ | विशेषज्ञ | | | |
| २ | प्राविधिक | | | |
| ३ | प्रशासनिक | | | |

**नोट :**

(१) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरू सम्बन्धित परिषद्मा दर्ता भएको हुनुपर्ने । सम्बन्धित परिषद्को **प्रमाण पत्र** अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

(२) कर्मचारीहरूको योग्यताका प्रमाणित प्रतिलिपिको साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

(३) सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरू संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५९ अनुसारको स्वीकृति पत्र अनिवार्यरुपमा संलग्न हुनुपर्ने ।

(४) प्राविधिक कर्मचारीहरुले आफु कार्य गर्ने अन्य संस्थाहरुको समेत विवरण खुलाउने

अनुसूची ३

## स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नतिको लागि अनुमति प्राप्त गर्न दिने निवेदन फाराम

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

१. स्वास्थ्य संस्थाको नाम :- शैया संख्या :-

२. साधारण सेवा/विशेषज्ञ सेवा वा अस्पताल के हो उल्लेख गर्ने :- प्रकार:

३. अस्पतालको ठेगाना (पत्राचार गर्ने ठेगाना) :- प्रदेश:- जिल्ला :-

नपा : वडा नं. :- टोल :- ब्लक नं. :-

टेलिफोन :- मोबाइल :- पो.ब.नं. :-

४. अस्पताल खोल्ने व्यक्तिहरु (५ प्रतिशत भन्दा बढी शेयर धारण गर्नेहरुको मात्र):-

| क.स | नाम थर | ठेगाना | नागरिकता न | मोबाइल नं. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

५.अस्पतालको वित्तीय स्रोत :-

(क) निजी लगानी (ख) बैंक कर्जा

(ग) सरकारी (घ) अनुदान सहयोग

(ङ) गैरसरकारी संस्थाबाट कर्जा (च) शेयर कर्जा

अन्य वित्तीय लगानी :- (स्थीर पूँजी लागत) रु. ....................:- वित्तीय

लगानी :-(लागत)रु.

क. भवन तथा जग्गाको लागि :-

औजार उपकरण :-

जनशक्ति :-

अनुमानित आम्दानी :- आम्दानी

स्वदेशी :- बिदेशी :-

अचल सम्पत्तिको स्रोत :- अनुमानित मुनाफा :- मासिक :-

त्रैमासिक :- वार्षिक :-

६. स्वास्थ्य संस्थाको वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरुको बिवरण कुन-कुन सेवा पुऱ्याउने हो ? खुलाउने ।

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
|---|---|---|
| अल्ट्रासाउण्ड | खोप | जनरल मेडिसिन |
| एक्स-रे | गर्भवती, सुत्केरी जाँच | जनरल सर्जिकल |
| इसीजी, ट्रेडमिल | परिवार नियोजन | प्रसूति तथा स्त्री रोग |
| इन्डोस्कोपी | | विशेषज्ञ सेवा : जस्तै प्रसूति सेवा, मृगौला |
| प्रयोगशाला | | स्नायु, आँखा, हाडजोर्नी, मानसिक सेवा |
| फार्मेसी | | ऋभजबदषवितष्यल क्भचखष्अभ |
| | | |
| | | |

७. संस्थामा प्रयोग हुने आवश्यक मुख्य उपकरणहरुको बिवरण तथा स्रोत :-

| क.स | मुख्य उपकरण | स्रोत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

८. संस्थामा सेवा पुऱ्याउने कर्मचारीहरुको बिवरण सम्बन्धित मापदण्ड अनुसार :-

| क.स | दक्षता | नाम थर | योग्यता | पार्टटाइम फुलटाइम |
|---|---|---|---|---|
| १ | विशेषज्ञ | | | |
| २ | प्राविधिक | | | |
| ३ | प्रशासनिक | | | |

नोट: १) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भएपश्चात् मात्र सेवा संचालन गर्न पाईनेछ ।

२) उपर्युक्त बमोजिम के कति कर्मचारीहरुको संस्थामा संलग्न हुने हो, स्पष्ट उल्लेख हुनुपर्ने ।

३) सबै शुल्क बिवरण बिस्तृत रुपमा उल्लेख हुनुपर्ने ।

४) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषद्मा दर्ता भएको हुनुपर्ने, सम्बन्धित परिषद्को प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

५) कर्मचारीहरुको योग्यताका प्रमाणित प्रतिलिपिको साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

६) नेपाल सरकारमा कार्यरत कर्मचारहिरु संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५९ अनुसारको स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

७) प्राविधिक कर्मचारीहरुले आफु कार्य गर्ने अन्य संस्थाहरुको समेत विवरण खुलाउने ।

नोट: स्वास्थ्य संस्था सञ्चालनका लागि निवेदन दिदा संलग्न गर्नुपर्ने कागजातहरु

१. निवेदन फारम

२. कम्पनी दर्ता/संस्था दर्ताको प्रमाणित प्रतिलपि

३. संस्था/कम्पनीको विधान/प्रवन्ध पत्र, नियमावलीको प्रतिलिपि

४. स्थायी लेखा दर्ता र मु.अ कर दर्ता प्रमाण-पत्रको प्रतिलपि

५. स्थापना गर्न लागिएको ठाउँमा अस्पताल आवश्यक छ भन्ने स्थानीय निकायको सिफारिस पत्र

६. स्वास्थ्य संस्थामा काम गर्ने जनशक्ति सम्बन्धी विवरण (क) बायोडाटा (ख) शैक्षिक योग्यता, तालिमका प्रमाणित प्रतिलिपि (ग) प्राविधिक कर्मचारीहरुले सम्बन्धित काउन्सिलकोदर्ता प्रमाण-पत्रको प्रतिलिपि (घ) नागरिकता प्रमाणपत्रको प्रतिलिपि (ङ) जनशक्तिहरुको काम गर्ने समय (पार्ट टाइम/फुल टाइम किटान गर्नुपर्नेछ) (च) मन्जुरीनामा/कबुलियतनामा

७. औजार उपकरणको विवरण तथा स्रोत

८. सम्पूर्ण सेवा शुल्क बिवरण

९. भौतिक सामग्रीको विवरण

१०. अस्पतालको हकमा:

प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) स्वीकृति पत्रको प्रतिलिपी,. अस्पतालको विस्तृत सर्भेक्षण सहितको प्रस्ताव,. अस्पतालको आर्थिक नियमावली,. अस्पतालले लिने सेवा शुल्क विवरण र गरीब तथा असहायलाई छुट दिने नीति

११. प्रदान गरिने सेवाको विवरण

१५. जग्गा/घरको स्वामित्व

१६. घर/कोठा बहालमा लिई सञ्चालन गर्ने भए घर बहाल सम्झौता-पत्र

१७. भवनको स्वीकृत नक्सा

१८. संस्थाको चल अचल सम्पत्ति विवरण तथा वित्तीय स्रोत

१९. संस्थाको कार्य योजना (Scheme)

२१. कर चुक्ता प्रमाण पत्र (लागु हुने अवस्थामा मात्रै)

२२. लेखापरीक्षण प्रतिवेदन (लागु हुने अवस्थामा मात्रै)

२३. बिरामी बडापत्रको नमुना

२५. निवेदन दस्तुर तिरेको रसिद ।

## अनुसूची ४

**स्वास्थ्य संस्था स्थापना तथा नवीकरण अनुमति दस्तुर**

(दफा १० र ११ सँग सम्वन्धित)

| क.स | संस्थाको किसिम | स्थापनाका लागि दस्तुर रकम | नवीकरणका लागि दस्तुर रकम |
|---|---|---|---|
| १ | अस्पताल तथा नर्सिङ्ग होम | रु. २५०००। | रु १०,००० |
| २ | डायग्नोस्टिक सेन्टर पोलिक्लिनिक | रु. १५०००।- | रु. १०,०००।- |
| ३ | क्लिनिक | रु. ५,०००।- | रु. २,५००।- |
| ४ | आयुर्वेद अस्पताल वैकल्पिक चिकित्सा अस्पताल | रु. ५,०००।- | रु. १,५००।- |
| ५ | आयुर्वेद क्लिनिक वैकल्पिक चिकित्सा क्लिनिक | रु. ५,०००।- | रु. १,५००।- |

## अनुसूची ५

**सेवा शुल्क निर्धारण समिति**

(दफा २७ सँग सम्वन्धित)

१. प्रमुख प्रशासकिय अधिकृत- अध्यक्ष
२. सामाजिक विकास समिती संयोजक वा प्रतिनिधी - सदस्य
३. उद्योग वाणिज्य संघको प्रतिनिधि - सदस्य
४. आर्युवेद सेवाका कर्मचारी - सदस्य
५. निजि स्वास्थ्य संस्थाका प्रतिनिधी २ जना- सदस्य
६. लेखा अधिकृत (एक)- सदस्य
७. प्रतिनिधि, उपभोक्ता महासंघ - सदस्य
८. स्वास्थ्य शाखा प्रमुख, - सदस्य सचिव

नोट: समितिले आवश्यकता अनुसार सम्वन्धित विषयका विशेषज्ञलाई समितिका सदस्यका रुपमा थप गर्न सक्नेछ।